म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र


# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्षः१५ अङ्कः- ३०१ २०८१ असोज ८ गते मंगलबार 24 September 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-




# बागमती प्रदेशसभाबाट ३ विधेयक पारित



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा बैठकले ३ वटा विधेयक पारित गरेको छ । प्रदेशसभाको सोमबार बसेको बैठकले २ समितिले संसदमा पेश गरेको छलफल तथा संशोधन प्रस्तावको निर्णयसहितको प्रतिवेदनलाई पारित गरेको हो ।

प्रदेशसभा बैठकले प्रदेश हस्तकाल ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश स्वास्थ्य ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई सर्वसम्मत पारित गरेको हो । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले उक्त विधेयकहरुलाई निर्णयार्थ पेश गर्नुभएको थियो । सभामुख पाठकले निर्णयार्थ पेश गरेको विधेयकहरु पारित गरियोस् भन्ने प्रस्तावलाई सांसदहरुले सर्वसम्मत पारित गरेका हुन् ।

प्रदेशसभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश स्वास्थ्य ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गरी संशोधनको निर्णयसहित प्रतिवेदन पेश गरेको थियो । उद्योग, पर्यटन तथा वातावरण समितिले प्रदेश हस्तकाल ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल गरी संशोधनको निर्णयसहित प्रतिवेदन पेश गरेको थियो ।

उक्त विधेयकहरु पारित भएसँगै विगत एक वर्षदेखि प्रदेशसभा संसदीय समितिमा रहेको ३ विधेयकले पूर्णता पाएको हो । एक वर्षअघि दफाबार छलफल र संशोधन प्रस्तावमाथि छलफलका लागि पठाइएको सो विधेयकहरु संसदीय समितिमा नै अड्किएर रहेको थियो ।

संसदीय समितिको बैठक नियमित र व्यवस्थित हुन नसक्दा एक वर्षदेखि विधेयकहरु अलपत्र अवस्थामा रहेको थियो भने गत भदौ १२ बाट उक्त विधेयकहरुको छलफलले गति लिएको थियो । समितिका बैठकहरु नियमित र गतिशील नहुँदा २०८० भदौमा प्रदेशसभा सचिवालयमा दर्ता तथा संसद बैठकमा पेश भई दफाबार छलफल तथा संशोधनका लागि समितिमा पठाइएका ३ विधेयकको प्रतिवेदन तयार भई प्रदेशसभामा आउन सकेको थिएन ।

गत २०८० भदौ १२ र २४ गते बसेको प्रदेशसभा बैठकले प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ (संशोधन), प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समितिमा पठाउने प्रस्ताव पारित गरेको थियो । यस्तै, २०८० असोजमा बसेको प्रदेशसभा बैठकले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी विधेयक २०८० संसदीय समिति छलफलका लागि पठाइएको थियो ।

## २ वर्षअघि 'अध्यादेशबाट 'आएको विधेयक

प्रदेश सरकारले गत २०७९ भदौ र असोजमा गरी २ पटकमा सो ३ विधेयकहरु अध्यादेशमार्फत् जारी गरेको थियो । प्रदेशसभाको पहिलो कार्यकालमा नै स्वास्थ्य सेवा ऐन २०७५ (संशोधन), प्रदेश कृषि विकास विधेयक र प्रदेश हस्तकला ग्राम विधेयक अध्यादेशमार्फत् आएका थिए ।

अध्यादेशबाट आएको उक्त विधेयकहरुको प्रतिस्थापन गर्ने गरी संसदमा विधेयक दर्ता भएको थियो । पहिलो कार्यकालको सदनको अन्तिमतिर उक्त विधेयकहरु संसदमा दर्ता भएका थिए ।

तत्कालीन समयमा कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादी सम्मिलित सरकारले उक्त विधेयक अध्यादेशमार्फत् जारी गरेको थियो । तत्कालीन मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको सरकारले सो ३ विधेयकसहित कर्मचारीसम्बन्धी २ विधेयक अध्यादेशमार्फत् जारी गरेको थियो । निर्वाचनका कारण २०७९ भदौबाट प्रदेश सरकारले संसद् बैठक स्थगित गरेको थियो ।

संसद बैठक अवरुद्ध भएको बखत प्रदेश सरकारले गत भदौ १ गते प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९, स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९ ल्याएको थियो । तत्कालीन सरकारले २०७९ असोज १२ गते प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश २०७९, असोज ३० गते प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी अध्यादेश २०७९ र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९ जारी गरेको थियो ।

निर्वाचनका कारण उक्त विधेयकहरु सो कार्यकालको सरकारले संसदमा पेश गर्न सकेन र अन्ततः २०७९ पुस १८ मा प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो बैठकमा पेश भएको थियो । संसदमा पेश भएको उक्त अध्यादेशहरु २०७९ माघ २ मा बसेको प्रदेशसभा बैठकले छलफलका लागि सर्वसम्मत स्वीकृत गरेको थियो ।

तत्कालीन मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले ती अध्यादेशलाई ऐनका रुपमा मान्यता दिन प्रतिस्थापन विधेयक ल्याउन बाटो खुला गर्न छलफलका लागि प्रदेशसभा बैठकबाट स्वीकृति गराएको थियो । संसदमा पेश भएको ६० दिनभित्र प्रतिस्थापन विधेयक पारित गरिसक्नु पर्ने उक्त अध्यादेशहरुमध्ये २ वटाको मात्र प्रतिस्थापन संसदमा पेश भएको थियो ।

२०७९ फागुन १८ मा संसदमा प्रतिस्थापनसहित पारित गरिसक्नु पर्ने ३ अध्यादेशका प्रतिस्थापन विधेयक संसदमा दर्ता हुनै सकेन । कर्मचारीसम्बन्धी २ अध्यादेशको प्रतिस्थापन विधेयक संसदमा पेश भयो र फास्ट ट्रयाकबाट विशेष समिति बनाएर फागुन १८ मा पारित गरिएको थियो ।

अध्यादेशबाट आएकाले उक्त विधेयकहरु कार्यान्वयनमा समेत गएको थियो । हस्तकला ग्राम अध्यादेशले व्यवस्था गरेअनुसार हस्तकला ग्राम सञ्चालन तथा व्यवस्थापन समितिसमेत गठन गरी केही बैठकहरुसमेत सञ्चालन गरिएको थियो भने प्रदेश कृषि विकास अध्यादेशले व्यवस्था गरेरअनुसार प्रदेश पोल्ट्री विकास बोर्ड गठनका लागि प्रदेश सरकारले प्रक्रियासमेत अघि बढाएको थियो । तर, प्रदेश स्वास्थ्य सेवा ऐन (संशोधन), प्रदेश कृषि विकास र हस्तकला अध्यादेशका प्रतिस्थापन विधेयक संसदमा प्राप्त हुँदा निष्कृय भएको थियो । सोपश्चात् सरकारले अध्यादेश कार्यान्वयनको प्रक्रियाहरु रोकेको थियो ।

आन्तरिक तयारी गरेर ६ महिनापछि प्रदेश सरकारले २०८० मा उक्त विधेयकहरु प्रक्रियागत रुपमा संसदमा पठाएको थियो । संसदमा पठाएको एक वर्षपछि ती विधेयकहरुले कानुनी रुप धारण गर्ने चरणमा रहेका छन् । प्रदेशसभाबाट पारित भएको उक्त विधेयकहरु प्रदेश प्रमुखसमक्ष प्रमाणीकरणका लागि पठाइने छ । प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि सो विधेयकहरु प्रदेश राजपत्रमा प्रकाशन हुनेछ । प्रदेश राजपत्रमा प्रकाशन भएपश्चात् मात्र सो विधेयकले कानुनी रुप धारण गर्नेछ ।

# जिल्ला प्रहरीमा बैंकिङ कुसुरका मुद्दा बढी

रविन्द्र वाईबा

हेटौंडाः मकवानपुरमा पछिल्लो समय बैंकिङ कसुरका घटना बढेको पाइएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को भदौ मसान्तसम्म सबैभन्दा बैंकिङ कसुरका मुद्दा पाइएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीका अनुसार चालु आर्थिक वर्षको दुई महिनामा ३३ वटा मुद्दा दर्ता भएको छ । यो संख्या प्रहरीमा दर्ता भएको अन्य मुद्दाको संख्यामा सबैभन्दा बढी हो । यही अवधिमा प्रहरीमा अभद्र व्यवहारका छ वटा, लागुऔषधका १७ वटा, चोरी तथा डाँकाका ११ वटा, जबर्जस्तीकरणीका चार वटा र बाल यौन दुरुपयोगका तीन घटना दर्ता भएको छ । दुई महिनाको अवधिमा प्रहरीमा एक सय ६४ मुद्दा दर्ता भएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा पनि प्रहरीमा सबैभन्दा बढी बैंकिङ कसुरका एक सय ८४ वटा मुद्दा दर्ता भएको थियो । यस्तै लागुऔषधका एक सय ५८ वटा, अभद्र व्यवहारका एक सय ३१, जबर्जस्तीकरणीका ५४ वटा र बालयौन दुरुपयोगका १८ वटा मुद्दा दर्ता भएको थियो ।

मकवानपुर प्रहरीले चालु आर्थिकको दुई महिनामा चार सय दुई किलो गाँजा बरामद गरेको छ । सोही अवधिमा प्रहरीले नाइट्रोभेट तीन सय क्याप्सुल बरामद गरेको छ । लागुऔषध तथा लागुऔषध ओसारपसारमा संलग्न २९ जनालाई पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा नेपाली २४ जना र पाँच जना विदेशी नागरिक रहेका छन् । प्रहरीले गत आर्थिक वर्षमा २०८०/८१ मा तीन हजार नौ सय ३६ किलो गाँजा, १३ किलो अफिम, कोरेक्स एक हजार दुई सय बोतल र नाइट्रोभेट दुई हजार पाँच सय ट्याबलेट बरामद गरी दुई सय ४९ जनालाई पक्राउ गरेका थिए ।

चालु आर्थिक वर्षको साउन र भदौ महिनाको मसान्तसम्ममा भन्सार छलेर ल्याएको अवैध कपडा तथा खाद्यान्न र सवारी साधनबाट डेढ करोढ रुपैयाँभन्दा बढीको राजश्व संकलन भएको छ । उक्त अवधिमा अवैध कपडा तथा खाद्यान्नबाट एक करोड चार लाख ६५ हजार रुपैयाँ र सवारी साधनबाट ५० लाख गरी एक करोड ५४ लाख ६५ हजार राजस्व संकलन गरेको हो । प्रहरीले उक्त अवैध सामग्रीहरुलाई ललितपुरको हरिहरभवनस्थित राजश्व कार्यालयमा र बाराको पथलैया पठाइएको छ । गएको बुधबार मात्र मकवानपुर प्रहरीले एक करोड ३५ लाखको लत्ताकपडा तथा खाद्यान्न सामग्री बरामद गरेको थियो ।

यस्तै मकवानपुर प्रहरीले चालु आर्थिक वर्षको दुई महिनामा २५ वटा घरेलु हिंसा सम्बन्धी मुद्दाको मिलापत्र गराएको छ । दुई महिनामा ५३ वटा घरेलु हिंसाका घटना भएकोमा २५ वटा मुद्दाको मिलापत्र भएको हो । दर्ता भएका मुद्दामध्ये १७ वटा मुद्दाको फैसला अदालतले गरेको छ भने अब बाँकी ११ वटा छ । गत आर्थिक वर्षमा प्रहरीमा तीन सय आठ वटा घरेलु हिंसाका उजुरी आएकोमा प्रहले एक सय ८० वटा र अदालतले ८५ वटा मुद्दाको फैसला गरेको थियो ।

चालु आर्थिक वर्षको दुई महिनामा प्रहरीमा ६३ जना मानिस हराएको निवेदन आएकोमा ४५ जना फेला पार्न सफल भएको छ भने १८ जना फेला पर्न बाँकी रहेको जनाएको छ । गत आर्थिक वर्षमा तीन सय ३८ वटा मानिस हराएको भनी प्रहरीमा निवेदन आएकोमा दुई सय ६६ जना फेला पारेको थियो ।

# हेटौंडा-९ लाई शुक्रबार बालमैत्री वडा घोषणा गरिँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ९ लाई यही असोज ११ गते शुक्रबार बालमैत्री शासनयुक्त वडा घोषणा गरिने भएको छ । सोमबार पत्रकार सम्मेलन गरेर बालमैत्री वडा घोषणाको तयारीबारे जानकारी गराइएको छ । पत्रकार सम्मेलनमा वडा अध्यक्ष सुकराम केसीले वडालाई बालमैत्री घोषणाका लागि तयारी पूरा भएको जानकारी दिनुभयो ।

'बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नाराका साथ शुक्रबार हेटौंडा-९ लाई निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको हो । वडाध्यक्ष केसीले वडालाई पूर्ण खोप वडा घोषणा, पूर्ण साक्षर वडा घोषणा, खुला दिसामुक्त घोषणा गरिसकेको र नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न आवश्यक सूचक पूरा गरेको बताउनुभयो । उहाँका अनुसार बालमैत्री घोषणाका लागि आवश्यक ५१ वटा सूचकहरुमध्ये ४७ वटा सूचकहरु शत्प्रतिशत, एउटा सूचक ९७ प्रतिशत, एउटा सूचक ९६ प्रतिशत, एउटा सूचक ९० प्रतिशत र एउटा सूचक ८१ प्रतिशत नतिजा हासिल गरेको छ ।

वडामा घरधुरी तथ्याङ्क संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको संख्या दुई हजार सात सय सात जना रहेको वडाध्यक्ष केसीले बताउनुभयो । जसमा एक हजार चार सय ४५ बालक र एक हजार दुई सय ६२ बालिका रहेका छन् । वडामा सामुदायिक र संस्थागत गरी बालविकास केन्द्रसहितका ६ वटा विद्यालयहरु सञ्चालनमा छन् भने २५ वटा बालसमूह र एक वडा बाल सञ्जाल रहेको छ । जसमा छ सय २५ जना बालबालिकाहरु आवद्ध छन् ।

वडालाई शुक्रबार बिहान-११ बजे प्रगति माध्यमिक विद्यालय परिसरमा कार्यक्रम आयोजना गरी बालमैत्री वडा घोषणा गर्ने तयारी छ । हेटौंडा-९ सातौं वडाको रुपमा बालमैत्री शासनयुक्त वडा घोषणा हुन लागेको हो । यसअघि हेटौंडा उपमहानगरपालिकाका वडा नम्बर २, ४, ७, ८, १० र १७ नम्बर वडा बालमैत्री शासनयुक्त वडा घोषणा भइसकेको छ । पत्रकार सम्मेलनमा वडा सदस्यहरु कमला पौडेल, विष्णु राना मगर, हेटौंडा उपमहानगरपालिकाको महिला, बालबालिका विकास शाखाका प्रमुख विष्णुकुमारी लामिछाने र बालमैत्री सम्पर्क व्यक्ति विना ठिकेलगायतको आतिथ्य रहेको थियो ।

# चाईनाक्वार्टरका कार्की मृत भेटिए

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१, चाईनाक्वार्टरका ४९ वर्षीय दीपक कार्की मृत भेटिएका छन् । शनिबार दिउँसो २ बजेको समयमा कार्कीको शव चाईनाक्वार्टर पछाडितर्फ राप्तीखोलामा मृत भेटिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । राप्तीखोलामा पौडी खेल्दै गरेका हेटौंडा-१४ का २० वर्षीय सलोन वाईबाले कार्कीलाई देखेपछि उद्दार गरेर हेटौंडा अस्पताल पुर्याएका थिए । हेटौंडा अस्पतालका चिकित्सकले कार्कीलाई मृत घोषित गरेको प्रहरीले जनाएको छ । प्रहरीले घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिएको छ ।

# बोलेरो दुर्घटनामा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः रामेछाप जिल्लाको मन्थली नगरपालिका-५, सोनारपानीमा डबल क्याप बोलेरो दुर्घटना हुँदा २ जानको मृत्यु भएको छ । आइतबार दिउँसो १ बजेको समयमा भित्री सडकखण्डमा मन्थलीबाट ७ जना लिई शालुतर्फ जाँदै गरेको बा १८ च १८३९ नम्बरको डवल क्याप बोलेरो आफैं अनियन्त्रित भई सडकबाट १ सय ५० मिटर तल खसेर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटना हुँदा बोलेरोमा सवार ८ जना मध्ये रामेछाप जिल्लाको मन्थली नगरपालिका-४, गैडाथोक बस्ने ६० वर्षीया पदममाया नेपालीको घटनास्थलमा नै मृत्यु भएको थियो भने ६९ वर्षीय दिलिप कुमार वरुवालको उपचारका क्रममा धुलिखेल अस्पताल साँझ ६ बजेर ४५ मिनेटको समयमा मृत्यु भएको थियो ।

दुर्घटना हुँदा घाइते भएकाहरुको सामुदायिक अस्पताल मन्थलीमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# सम्पादकीय

## उत्साहहीन साझा कार्यक्रम

सरकार गठन भएको करिब दुई महिनापछि बागमती प्रदेश सरकारले न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको छ । आइतबार प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा, सत्तारुढ दल नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया, आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले, आन्तरिक मामिला तथा योजनामन्त्री सुरजचन्द्र थपलिया तथा सांसदहरुको उपस्थितिमा सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरिएको थियो । न्यूनतम साझा कार्यक्रमले नागरिकको आकांक्षालाई समेट्दै आवश्यकताको आधारमा विकास र सुशासनका कामलाई तीव्रता दिएको दावी गरिएको छ । ६७ बुँदे न्यूनतम साझा कार्यक्रममा प्रदेश प्रहरी ऐन, अनुसन्धान ब्युरो स्थापना, निजामती कर्मचारी ऐन र भौतिक पूर्वाधारलाई विशेष प्राथमिकता दिने, फजुल खर्च कटौती गरी आर्थिक अनुशासनलाई कडाइका साथ पालना गरिनेलगायतका विषय समावेश गरिएको छ ।

सार्वजनिक न्यूनतम साझा कार्यक्रममा भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाएर भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्ने उल्लेख छ । संघीय सरकारमा सहभागी दलहरुले संविधान संशोधनको रटान लगाइरहेको अवस्थामा बागमती प्रदेश सरकारले पनि संविधान संशोधन गर्न संघीय सरकारलाई सहयोग गर्ने कार्यक्रम अघि सारेको छ । संघीय सरकारसँग समन्वय गरेर प्रदेश प्रहरी स्थापना गर्ने र प्रदेशका मन्त्रालयका सचिव तथा स्थानीय तहका प्रशासकीय अधिकृत प्रदेश सरकारले खटाउने व्यवस्था गर्ने न्यूनतम साझा कार्यक्रममा समावेश गरिएको छ । प्रदेश निजामती सेवा ऐन र स्थानीय निकाय सञ्चालन ऐन संशोधन र परिमार्जन गर्ने कार्यक्रम छ । यस्तै, फजुल खर्च कटौती गरी आर्थिक अनुशासनलाई कडाइका साथ पालना गर्ने सरकारको न्यूनतम साझा कार्यक्रम छ । प्रदेश सरकार, संघीय सरकारप्रति परनिर्भर नभई आत्मनिर्भर र स्वायत्तरुपमा कार्य गर्न आवश्यक कानुनहरु निर्माण गर्ने, प्रदेशको बोझिलो संरचनाहरुको अडिट गरी चुस्त र व्यवस्थित बनाउने, बेरुजुलाई नियन्त्रण र न्यूनीकरण गर्ने, व्यक्तिको क्षमता, योग्यता, विज्ञता र सम्बन्धित क्षेत्रमा गरेको योगदानका आधारमा राजनीतिक नियुक्ति गरिने कार्यक्रम छ ।

प्रदेशमा योजना बैंक स्थापना गर्ने, ललितपुर महानगरलाई हस्तकलाको राजधानी घोषणा गर्ने, रुग्ण उद्योगहरु सम्भाव्यताको आधारमा पुन: सञ्चालन गर्न संघीय सरकारसँग समन्वय गर्ने प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रममा उल्लेख छ । प्रदेशको प्रत्येक निर्वाचन क्षेत्रमा एउटा स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योग स्थापना गर्ने कार्यक्रम छ । हेटौंडा-काठमाडौं रज्जुमार्ग (रोप वे) पुन: सञ्चालनमा ल्याउने, स्थानीय तहसँग सहकार्य गरी भूमि बैंक स्थापना गर्ने, जनतासँग सिधा फोन सम्पर्क गर्न मुख्यमन्त्री कार्यालयमा छुँै कक्ष स्थापना गर्ने, एक जिल्ला एक उत्पादन पकेट क्षेत्र घोषणा गर्ने र युवा लक्षित स्टार्टअप कार्यक्रम सञ्चालन गर्ने सरकारको न्यूनतम साझा कार्यक्रम छ । अधुरा आयोजनाहरु यथाशीघ्र सम्पन्न गर्ने, हरेक प्रदेश निर्वाचन क्षेत्रमा कम्तीमा एउटा बहुवर्षीय योजना सञ्चालन गर्ने, मुटु मिर्गौला र अर्बुद रोगको उपचारमा प्रदेश सरकारबाट प्रत्येक बिरामीलाई १ लाख रुपैयाँ सहयोग गर्ने, काठ आयात प्रतिस्थापन गर्न सिजनिङ तथा ट्रिटमेन्ट प्लान्ट स्थापना गर्ने, स्वदेशमै विद्युतीय सवारी साधनको उत्पादनलाई प्राथमिकता दिने, लगानी बोर्ड स्थापनाको प्रक्रिया पूरा गर्ने सरकारको न्यूनतम साझा कार्यक्रम रहेको छ ।

बागमती प्रदेश सरकारले ल्याएको न्यूनतम साझा कार्यक्रम खासै उत्साहजनक छैन । कार्यक्रममा उल्लेख गरिएका कतिपय बुँदाहरु नियमित प्रकृतिका र कार्यान्वयन भइरहेका छन् भने कतिपय महत्वाकांक्षी र प्रदेशको आवश्यकता र क्षमताभन्दा बाहिरका छन् । प्रदेश सरकार गठन भएको करिब ७ वर्षमा जनअपेक्षा अनुरुपको काम हुन सकेको छैन । प्रदेश सरकारले स्थायित्व नपाउँदा ५ पटक सरकारको नेतृत्व परिवर्तन भइसकेको छ । अहिलेको सरकारले ल्याएको न्यूनतम साझा कार्यक्रम सबै कार्यान्वयन हुने खालको छैन । प्रदेश सरकारले बजेट व्यवस्थापन गरिसकेका नियमित कार्यक्रमबाहेक न्यूनतम साझा कार्यक्रममा समेटिएका कार्य गर्न बजेटकै अभाव हुने निश्चित छ । बजेट आवश्यक नपर्ने नीतिगत कुराहरुमा पनि राजनीतिक दलहरुबीच सहमति कायम गर्न नसकेर कार्यान्वयनमा नआउने सम्भावना रहेकाले न्यूनतम साझा कार्यक्रम उत्साहहीन देखिएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : अध्ययन– अध्यापन मध्यमकारक रहने समय छ । |
| वृष | : धार्मिक तथा पढाइ– लेखाइ ठिकै रहने समय छ । |
| मिथुन | : बौद्धिक लेखन कार्यमा सरिक भइने योग छ । |
| कर्कट | : धार्मिक तथा सामाजिक काममा सरिक भइने समय छ । |
| सिंह | : पढाइ– लेखाइका कामहरु मध्यमकारक रहलान् । |
| कन्या | : धार्मिक तथा परोपकारजन्य काममा सरिक । |
| तुला | : आत्मबल र प्रेरणा जुटाइने समय योग छ । |
| वृश्चिक | : दौडधूपका काममा सरिक भइने समय छ । |
| धनु | : साँझेदारीका कामबाट लाभ प्राप्त हुनेछ । |
| मकर | : पढाइ– लेखाइ मध्यमका रहने समय छ । |
| कुम्भ | : लेनदेनमा विवाद बढ्ने समय योग छ । |
| मीन | : धार्मिक र परोपकारजन्य काममा सरिक भइने छ । |

# खाना नै औषधि रहेछ

## शाकाहारीभन्दा मांसहारी रोगी भेटें



✍एलबी मुखिया

बुवा आन्द्राको क्यान्सरले बित्नुभो, छोरी मेनेन्जाइटिसले बितिन् । यी दुई वियोगले मलाई जीवनमा ठूलो पाठ पढाएर गयो ।

अर्कोतिर श्रीमतीको पित्तथैलीमा पत्थरी थियो, १८ एमएमको । त्यसबेला उनी गर्भवती थिइन् । डा. दिनेशचन्द्र पोखरेलले सुझाए, 'गर्भको बच्चालाई फ्याँक्ने र पित्तथैलीको शल्यक्रिया गर्ने ।' गर्भको बच्चा पनि नफ्याँक्ने र पित्तथैली पनि नफ्याँक्ने उपाय के छ त ?

यी सम्पूर्णको एउटै जवाफ पाएँ, 'खानपान र जीवनशैली परिवर्तन ।' हामीले पेशा-व्यवसाय मात्र होइन, खानपान र जीवनशैली पनि बदल्यौं ।

अहिले म शारीरिक रूपमा तन्दुरुत छु । भर्खरै मात्र नर्भिक अस्पतालमा होलबडी चेकअप गर्दा चिकित्सक भन्दैथिए, 'तपाईंको शरीरको कोषहरू भर्खर २५ वर्षका युवाको जस्तो छ ।' जबकि म उमेरले ५० वर्ष नाघिसकें । यो उमेरमा मलाई मधुमेह, उच्च रक्तचाप, थाइराइड जस्ता कुनै पनि दीर्घरोगले छोएको छैन । अल्छी, अनिद्रा, अरुचि, अपच केही समस्या छैन ।

त्यसैले म पूर्ण ऊर्जाका साथ ८-१० घण्टा मस्त काम गर्न सक्छु । मलाई झर्को, दिक्क केही पनि लाग्दैन । यसको पछाडि मेरो खानपान र जीवन जिउने तरिकाले काम गरेको छ । म कस्तो खान्छु, कस्तो दिनचर्या पालना गर्छु ? त्यो कुरा सुनाउनुअघि म कसरी बदलिएँ भन्ने प्रसंग सुनाउँछु ।

### जब बुवालाई क्यान्सर भयो

मेरो बुवालाई सुरुमा ग्याष्ट्रिक थियो । ग्याष्ट्रिकबाट अल्सर भयो । अल्सरबाट क्यान्सर । त्यसपछि बुवाको कुरुवा बनेर अस्पताल बस्न थालें । ६ महिनासम्म मेरो बास अस्पतालमा भयो । एकातिर क्यान्सर खर्चिलो रोग, अर्कोतिर मसँग त्यति पैसा हुँदैनथ्यो । त्यसमाथि औषधि सहजै नपाइने ।

म भक्तपुर क्यान्सर अस्पतालबाट औषधि किन्नका लागि कहिले वीर अस्पताल त कहिले शिक्षण अस्पतालको आसपास दौडिरहेको हुन्थें । आपत्कालीन अवस्थामा औषधि खोज्दा ट्याक्सीमा ओहोर-दोहोर गर्नुपर्ने । औषधिको मूल्य ७५ वा ८० रुपैयाँ हुन्थ्यो, ट्याक्सी भाडा चाहिं ४-५ सय रुपैयाँ । पाउनुभन्दा धाउनु धेरै भने जस्तो । यो २० वर्षअघिको कुरा हो ।

अस्पतालको बसाइ, दौडधूप, पैसा खर्च । घरमा कोही एक जना बिरामी भए परिवारकै लय बिग्रने । त्यसबेला म बोर्डिङ स्कुल चलाएर बसेको थिएँ । जब बुवालाई क्यान्सर भएर अस्पतालको चक्कर लगाउनुपर्‍यो तब मलाई एउटै प्रश्नले बारम्बार घोच्न थाल्यो, 'मान्छेलाई किन रोग लाग्छ ? क्यान्सर किन हुन्छ ?'

तर, त्यसबेला यस्तो जिज्ञासा मेट्नका लागि न युट्युब थियो, न सामाजिक सञ्जाल । एकाध क्यान्सर वा रोगबारे छापिएको पत्रपत्रिका भित्तामा टाँसिएको हुन्थ्यो । 'क्यान्सरबाट बच्न यस्तो खानपान गरौं', 'कसरी क्यान्सर हुन्छ', 'क्यान्सर लाग्न नदिन के गर्ने ?' जस्ता शीर्षकमा पढ्न पाइथ्यो ।

नेपाली महिलामा पाठेघर र पाठेघरको मुखको क्यान्सर हुन्छ, छोरामा प्रोस्टेट र फोक्सोको क्यान्सर हुन्छ । आन्द्रा वा पेटको क्यान्सर चाहिं सबैलाई हुनसक्छ भनी लेखिएको हुन्थ्यो । मेरो बुवाको चाहिं पेटको क्यान्सर थियो ।

### क्यान्सरका रोगी, शाकाहारीभन्दा मांसहारी बढी

बुवाको कुरुवा बनेर बसिरहँदा मैले यसो अस्पतालको भित्तामा टाँसिएको कुराहरू पढ्थें । बिरामीसँग भलाकुसारी गर्थें । वल्लो बेड, पल्लो बेडमा गएर सोधीखोजी गर्थें । म उनीहरूलाई सोध्थें, 'के खानुहुन्थ्यो ? कसरी खानुहुन्थ्यो ? कस्तो जीवन बिताउनुहुन्थ्यो ?'

के खाँदा कस्तो रोग लाग्छ ? मलाई जान्ने उत्सुकता थियो । कोही पेटको, कोही हड्डीको, कोही कलेजको, कोही फोक्सोको, कोही पाठेघरको क्यान्सर रोगी थिए । म सबैसँग प्रश्न सोध्थें । आफ्नै हिसाबले अनुसन्धान गर्थें । के गर्दा क्यान्सर लाग्छ ? कसरी सचेत हुने ?

उनीहरूको जवाफमा मैले केही कुरामा एकरूपता पाएँ । जस्तो कि, त्यहाँ भएका अधिकांश क्यान्सर रोगी मांसहारी थिए । थोरै मात्र शाकाहारी भेटिए । मलाई लाग्यो, यहाँ शाकाहारीभन्दा मांसहारी रोगी हुँदारहेछन् ।

औसत आयु पुरुषको भन्दा महिलाको बढी छ । यसो हुनुको कारण पनि हाम्रो आनीबानी र खानपान नै हो भन्ने लाग्यो । किनभने धेरैजसो पुरुष रक्सी र चुरोट खान्छन्, महिलाको तुलनामा । तासको खालमा बस्ने, सितन र रक्सी खाने प्रवृत्ति पनि पुरुषको बढी हुन्छ । जबकि महिलाहरू आफ्नै सुरमा काम गरिरहने, थोरै खाने स्वभावका हुन्छन् ।

### केही त्यागौं, स्वस्थ बनौं

जब बुवा क्यान्सरले बित्नुभो, मलाई रोगसँग डर लाग्न थाल्यो । कसरी जीवनभर निरोगी बन्ने ? कसरी ऐय्या-आत्था नगरी बाँच्ने, कसरी अस्पतालको चक्कर नलागाई जीवन बिताउने ? भन्ने खोजले म प्राकृतिक चिकित्सामा आएँ ।

पुरानो पेशा व्यवसाय छाडेर मैले प्राकृतिक चिकित्सालय सुरु गरें । त्यससँगै आफ्नो जीवनशैली र खानपानलाई परिवर्तन गरें ।

मैले जंकफूड, फास्टफूड, चिनी, मैदा, तारेको-भुटेको लगायत धेरै कुरा आफ्नो मेनुबाट सर्लक्क हटाइदिएँ । अल्छी, ऐस-आरामलाई बिदा दिएँ ।

हाम्रो भान्सामा पाँच वटा सेतो कुरा एकदमै कम प्रयोग हुन्छ । सेतो चामल, सेतो डाल्डा, सेतो नुन, सेतो चिनी, सेतो मैदा । बजारको माछा, मासु, बोइलर, जुस, कोक-फेन्टा, चाउचाउ, बिस्कुटले हाम्रो भान्सामा प्रवेश पाउँदैन । बेमौसमी फलफूल, सागसब्जी हामी खरिद गर्दैनौं ।

हामीकहाँ मिश्रित खानेकुरा पाक्छ । जौ, गहुँ, मकै, कोदो, फापरको परिकारहरु दैनिक खाइन्छ । दिनहुँ सप्तरंगी खाना खानु भनिन्छ, त्यही अनुसार थरीथरी प्राकृतिक रंगका खानेकुरा हामी थालीमा मिसाउँछौं । प्रायः तरकारीमा हामी मिश्रित मौसमी तरकारी (मिक्स भेजिटेबल करी) खान्छौं । हरियो सागसब्जी र सलाद हाम्रो थालीको अनिवार्य हिस्सा हुन् ।

बजारमा पाइने धेरैजसो फलफूल, सागसब्जीमा हर्मोन केमिकल प्रयोग भएको हुन्छ । बजारको गोलभेंडा त पटक्कै खाइँदैन । किनभने त्यसमा मेटासिट लगाइएको हुन्छ ।

हामी बजारको खानेतेल पटक्कै प्रयोग गर्दैनौं । किनभने त्यहाँ मिसावट हुन्छ नै । तपाईं आफैंले हिसाब-किताब गर्नुहोस्, एक लिटर सूर्यमुखी तेलको सरदर बजार मूल्य अढाइ वा तीन सय होला । जबकि उक्त तेल बनाउने कच्चा पदार्थ अर्थात् सूर्यमुखीको बियाँकै केजीको ८०० रुपैयाँ पर्छ । साढे तीन केजी बियाँको एक लिटर तेल उत्पादन हुन्छ । यस हिसाबले शुद्ध सूर्यमुखी तेलको मूल्य लिटरकै तीन हजार भन्दा बढी हुनुपर्ने होइन र ? कसरी त्यति सस्तोमा पाइँदैछ ?

खानेतेलको कारण धेरै मान्छे रोगी भएका छन् । खराब कोलेस्टोरेलको त यो भण्डार नै हो । विज्ञापनमा मुटु बलियो बनाउने भनिएको छ तर यसले मुटु खराब बनाउँछ । त्यसैले सम्भव भएसम्म आफ्नै उत्पादनको तेल, घिउ प्रयोग गरौं । नभए मिलमा गएर आफैंले पेलाएर पनि उपभोग गर्न सकिन्छ ।

आफैंले मात्र उत्पादन गरेर साध्य हुँदैन । कति खानेकुरा कौसी खेती गरेर खाइन्छ । र, कति चाहिं हामी इलाम, धनकुटा, गोरखा, रामेछाप, ओखलढुंगा आदिको गाउँघरबाट किनेर खान्छौं ।

यादकदा बजारकै किन्नै पर्ने हुनसक्छ । त्यस्तो बेला बजारबाट ल्याएको खानेकुरा तुरुन्त नखाने । त्यसलाई रातभर नुन-पानीमा भिजाएर राख्ने । पानीमा राम्ररी सफा गरेर मात्र खाने । यसरी हामी खानपानमा पटक्कै सम्झौता गर्दैनौं । खानपानमा हामी कठोर नै छौं चाहे त्यो घरमा होस् वा पाहुनापातमा ।

### पाहुना जाँदा भनौं, 'यस्तो त खान्नँ'

चाडपर्व आउन लागेको छ । पाहुनापात जाने बेला हो यो । पाहुनापात जाँदा के गर्छ ? मीठोमसिनो ल्याउँछ, र क्सी ल्याउँछ । सबैभन्दा राम्रो पोलिस गरेको चामलको भात, धेरै तेल हालेको तरकारी, बोइलर वा खसीको मासु ल्याउँछ ।


हामी धेरैलाई के लाग्छ भने अर्काले सत्कार गरेर दिएको खानेकुरा खाइदिनुपर्छ । तर, हामी यस्तो भन्दैनौं । आफ्नो स्वास्थ्यलाई अहित हुने कुरा खाएर अरूको मन राख्नु उचित होइन । हामी त सशर्त पाहुना जान्छौं ।

कुनै घरमा पाहुना जाँदैछौं भने सुरुमै हामी भन्छौं, 'हामी बोइलर खाँदैनौं, खसी खाँदैनौ, राँगा खाँदैनौं । खाइहाले ताजा माछा खान्छौं, त्यो पनि बजारको होइन । कोक, फेन्टा, इनर्जी ड्रिंक, बजारको जुस खाँदैनौं । यदि हाम्रो शर्त पूरा नभए बरु हामी खानेकुरा नै खाँदैनौं ।

बरु उनीहरूलाई भन्छौं, 'हजुरहरूले पनि यो-यो खानेकुरा नखानु होला । यस्तो खानाले तपाईंको शरीरलाई रोगी बनाउँछ । पैसा तिरेर रोग नकिन्नुहोला, किनभने उपचार धेरै महँगो छ । नेपालमा त ठूलो रोग लागेपछि घरखेत बेचेर पनि उपचार गर्न सकिंदैन । घरमा एक जना रोगी भएमा सबै जनाले दुःख पाउँछन् । त्यसैले पैसा खर्च गरेर रोग नकिन्नु, जिब्रोको स्वादमा पल्केर पेटलाई डस्टबिन नबनाउनु ।'

*(नयाँबानेश्वरस्थित होलिस्टिक हर्ब्सका सञ्चालक मुखियासँग कुराकानीमा आधारित/स्रोतः अनलाईनखबर)*

# न त आकाशमा चंगा छ, न मनमै !



✍सोनिया भेटुवाल

धेरै वर्ष अघिको कुरो होइन । सायद मङ्गलवारको दिन थियो । म स्कुल खुल्छ कि खुल्दैन भन्ने दोधारमा थिएँ । त्यो समयमा बन्द र हडताल सबै जना त्रसित हुन्थे । बाटोतिर आफ्नै नाङ्गो आँखाले प्रेसर कुकर बम देखेको अनगिन्ती घटनाहरु थिए । त्यसैले मैले ममीलाई बिहानको सातै बजे स्कुलमा फोन गर्न लगाएँ । केही समयपछि मात्र फोन लाग्यो । सायद फोनको चाप धेरै भएर होला ।

स्कुल बिदा छ भन्ने खबर आयो । मनको पुतली पनि त्यो खबर सँगसँगै भुर्र उड्यो । ममा खुसीको सीमै थिएन । हतार हतार टिभी खोलेर 'डोरेमन' हेर्न थालिहालें । केही छिनमै सिमसिम पानी पर्न थाल्यो । भान्छामा खानाको सिट्ठी, बाहिर सिमसिमे मौसम, आफ्नो मन पर्ने कार्टुन हेर्न पाएपछि के चाहियो र ? गृहकार्यहरु पनि अघिल्लो दिन नै सकाएको थिएँ । जीवनमा पिर, ताप खासै थिएन भनम् ।

पिर भन्ने शब्द शब्दमै सीमित थियो । धेरै कुरोमा गुनासो गरिरहँदैन थ्यौं । निराशावादी हावाले छोइसकेको थिएन । आपत्ति आएको बेलामा धरि खुसी हुने बानी थियो । स्कुलमा भारी वर्षा भएको बेलामा पानी कक्षाभित्र पसेपछि हामी बेन्चमाथि बसेर अन्ताक्षरी खेल्थ्यौं । निकै रमाइलो हुन्थ्यो । बेन्च मादलु भइदिन्थ्यो र थपडी खैंजडी ।

'लेकाली हे चोयाको डोको' गीतदेखि 'गुराँसै फुल्यो वनैमा' सम्मको गीत गाइन्थ्यो । कसैको खाजाको दालमोट बाँकी भए मिलीजुली खाइन्थ्यो । एक अर्काको हाँसो देख्दा आफूभित्र नि अलगै खुसी छाउँथ्यो । प्लास्टिकको चम्चामा पाइने पाँउ चुसिन्थ्यो । पाँच रुपैयाँमा ठुलो डल्लो पाँउ आउँथ्यो । अहिले फर्केर सोँच्दा, 'ला ! त्यो प्लास्टिकको प्रयोग त वातावरणको लागि हानिकारक पो थियो त' भन्नेझैँ लाग्छ । जति ठुलो हुँदै गयो, त्यति नै विश्लेषणात्मक बानी थपिँदै जाँदो रहेछ । कुराहरू बिस्तारै बुझिँदो रहेछ ।

माघे सङ्क्रान्ति तिर स्कुल नजिकै रहेको चाकु बनाउने ठाउँमा गइन्थ्यो र पाँच रुपैयाँको चाकु किनिन्थ्यो । 'क्लास डेकोरेसन' मा आफ्नो कक्षालाई जिताउने हुटहुटी हुन्थ्यो । ठुलो चार्ट पेपरमा चित्रहरू बनाइन्थ्यो र फेबिकोल मागेर टालिन्थ्यो । ब्रेक टाइममा पाले दाइले नदेख्ने पाराले लुकेर चटपटे, मामा चाउचाउ र स्याभाले खाइन्थ्यो ।

चैततिर हुने अभिभावक दिवसको लागि नृत्य वैशाखदेखि नै सिकिन्थ्यो । कक्षामा सबैभन्दा बढी नाच्न आउनेलाई हेरेर आफ्नो ताल मिलाइन्थ्यो । परीक्षाको चिन्ता परीक्षाको अघिल्लो दिनदेखि मात्र हुन्थ्यो । 'अर्को पालिदेखि चाहिँ दिनदिनै पढ्न थाल्छु' भन्ने अपुरो भाका राखिन्थ्यो । ठिक हाम्रो नेताहरूको जस्तै !

सामाजिक विषयमा सोधिएको कुनै प्रश्नको जवाफ नआउँदा हामी एउटा साझा जवाफ दिन्थ्यौं । त्यो थियो, 'राजनीतिक अस्थिरता!' यति लेखेपछि केही न केही 'मार्क्स' त अवश्य पाइन्थ्यो ।

२००७ देखिको विशेष राजनीतिक मिति घोक्नु पर्थ्यो । धेरै सरकार परिवर्तन भएको कारण धेरै मिति घोक्नु पर्थ्यो । त्यसैले मनमनै नेताहरुलाई सराप्दै मिति घोकिन्थ्यो । नघोके अथवा घोकेर पनि नआए घुँडा टेकेर बस्नुपर्थ्यो । आफ्नो कक्षामा होइन, आफ्नो भाइबहिनीको कक्षामा !

नेपाली बोले कि गोजीबाट पाँच रुपैयाँ गायब हुन्थ्यो ।

एक दिन म साथीसँग बोल्दै थिएँ । उसले टुटे फुटेको अङ्ग्रेजी बोल्दै थियो र चलचित्रको कुरा गर्दै थियो । मैले झुक्किएर 'ए ए' भनें । अर्को साथीले सुनिहाल्यो र नाम टिपिहाल्यो । पछि आफूलाई बचाउन 'मैले भनेको ए ए त अङ्ग्रेजीको पहिलो अक्षर वाला ए पो हो त' भनिदिएँ ।

खासमा मसँग पाँच रुपैयाँ थिएन । त्यस समयमा मैले पकेट खर्च बोक्दिन थिएँ । खाजाको पैसा ममीले नै क्यान्टिनमा तिर्दिएर जानु हुन्थ्यो ।

...बाँकी पृष्ठ ३ मा

# बालश्रम अन्त्यका लागि पालिकाबीच समन्वय बैठक




समन्वय बैठकपछि खिचिएको सामूहिक तस्वीर ।

समाज संवाददाता

हेटौँडाः बालश्रम अन्त्यका लागि मकवानपुर जिल्लाका विभिन्न पालिकाबीच समन्वय बैठक भएको छ । राक्सिराङ गाउँपालिकाको आयोजना, बालकल्याण समाज र आसमान नेपालको सहकार्यमा बाल संरक्षणको सवालमा मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकाबीच समन्वय बैठक भएको हो ।

बालश्रम अन्त्यका लागि संयुक्तरुपमा गर्न सकिने कार्यक्रम र बाल संरक्षण कार्ययोजना तयार गर्ने उद्देश्यले समन्वय बैठक आयोजना गरिएको राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष बनस्तम थिङले बताउनु भएको छ। धर्मको नाममा बालबालिकालाई अन्तै पढ्न पठाउने गरेको जानकारी दिनुहुँदै उपाध्यक्ष थिङले बालबालिकाको पढाइ छुटाएर भरियाको काममा लगाउँदा उनीहरुको भविष्य अन्योलमा परेको बताउनुभयो । मनहरी गाउँपालिकाले बालश्रम अन्त्य गर्न होटल, ग्यारेज, घर र तानको अनुगमन गर्ने गरेको गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी मगरले जानकारी दिनुभयो । अनुगमनका क्रममा भेटिएका बालश्रमिकलाई विद्यालयसम्म पहुँच पुऱ्याउन छात्रवृत्ति र अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नेबारे छलफल भइरहेको उहाँले बताउनुभयो ।

कैलाश गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्लले बालअधिकारको बारेमा सचेतना, बालश्रमको नकारात्मक पक्षको बारेमा अभिभावकलाई शिक्षा र सबै बालबालिका पूर्णसमय औपचारिक दिवा स्कूलमा हुनुपर्दछ भन्ने मान्यताका साथ पालिकाले कार्य गर्ने बताउनु भएको छ । बालश्रम अन्त्य गर्ने सवालमा गाउँपालिकाले सामाजिक संस्थासहितको संयुक्त बैठक आयोजना गरेकोमा धन्यवाद दिनुभयो । समन्वय बैठकले तीनवटै पालिकाबीच संयुक्तरुपमा बालश्रम अनुगमन गर्ने र श्रमिक बालबालिका भेटिए जुन पालिकाको बालश्रमिक हो त्यही पालिकाले बालश्रमिकको व्यवस्थापन गर्ने सहमति गरेको छ । तीनवटै पालिकालाई सडक बालबालिकामुक्त बनाउन राष्ट्रिय बालअधिकार परिषद् र बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयसँग समन्वय गर्ने निर्णय गरेको छ ।

विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन र सबै बालबालिका पूर्णसमय औपचारिक दिवा स्कूलमा हुनु पर्दछ भन्ने मान्यतालाई आत्मसाथ गर्दै छात्रवृत्तिको संख्या वृद्धि गर्दै सार्वजनिक शिक्षाको सुदृढीकरण गर्ने कार्ययोजना बनाएर लागू गर्नेसमेत निर्णय गरिएको छ । बैठकले तीनवटै पालिकाबीच संयुक्त अनुगमन गर्ने, बालश्रमिकको कुरा सुनेर उसको आवश्यकताको आधारमा सर्वोत्तम हित हुनेगरी कार्ययोजना निर्माण गर्ने, बालक्लब परिचालन र क्षमता विकास गर्ने, बालबालिकालाई लागूपदार्थ ओसार पसार र सेवन गर्नेजस्ता दूर्व्यसनबाट मुक्त गर्न सचेतना गर्ने, धर्मको नाममा बालबालिका अन्यत्र पठाउने गरेको समस्या समाधान गर्न पहल गर्ने निर्णय गरेको छ ।

समन्वय बैठकले बालबालिकाको पुनःस्थापना केन्द्रको आवश्यकता महसुस गरेको राक्सिराङ गाउँपालिकाको रोजगार संयोजक गोविन्द विश्वकर्माले बताउनुभयो । बैठकमा राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष वनस्थम थिङ, मनहरी गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी मगर, कैलाश गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल, बालकल्याण समाजका अध्यक्ष प्रकाश खतिवडा, मनहरी गाउँपालिकाको शिक्षा अधिकृत प्रदीप पराजुली, राक्सिराङ गाउँपालिकाको शिक्षा अधिकृत पंकज थारु बैठकमा सहभागी थिए । राक्सिराङको रोजगार संयोजक विश्वकर्मा, कैलाशको रोजगार संयोजक हस्तराम नेगी, मनहरीको महिला बालबालिका शाखाका सम्झना दंगाल, मनहरीको रोजगार सहायक राजुकुमार ठाकुरलगायत १६ जनाको सहभागिता रहेको थियो ।

बैठकमा बालकल्याण समाजका अध्यक्ष खतिवडाबाट दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्चद्वारा तयार पारिएको साझा अवधारणापत्र र आसमान नेपालबाट प्रकाशित गरिएको 'श्रमिक बालबालिकाको सहभागिता सुनिश्चित गरौं' र 'सबै बालबालिका पूर्णसमय औपचारिक दिवा स्कुलमा हुनु पर्दछ' ब्रोसियर र बालकल्याण समाजद्वारा प्रकाशित बालअधिकारको संरक्षण तथा सम्बर्द्धन स्रोत सामग्रीको संगालो पुस्तिका वितरणसमेत गरिएको थियो ।

# शुक्रबारे कार्यक्रममा उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१५, रातोमाटेस्थित जनजागृति माध्यमिक विद्यालय प्राविधिक शिक्षालयले शुक्रबारे कार्यक्रममा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार वितरण गरेको छ। शुक्रबार विद्यालयमा भएको कार्यक्रममा सहभागी भई उत्कृष्ट भएका विद्यार्थीलाई पुरस्कार वितरण गरिएको विद्यालयका प्रधानाध्यापक केशवप्रसाद सञ्जेलले जानकारी दिनुभयो ।

भदौ २९ गते शुक्रबार बाल दिवसको सन्दर्भमा विद्यालयमा कक्षा ८, ९ र १० का विद्यार्थीले विज्ञान प्रदर्शनी गरेका थिए । सदनगत भएको प्रतियोगितामा ४ समुहको सहभागिता रहेको थियो । यस्तै ४ कक्षादेखि ७ कक्षासम्मका विद्यार्थीको नेपाली सुन्दर लेखन प्रतियोगिता आयोजना गरिएको थियो । कक्षागतरुपमा भएको प्रतियोगितामा सबै विद्यार्थी सहभागी रहेको प्रधानाध्यापक सञ्जेलले बताउनुभयो ।

भदौ २१ गते शुक्रबार पनि विद्यालयमा नृत्य र गायन प्रतियोगिता भएको थियो । उक्त प्रतियोगितामा ४ सदनबाट ६ टोली सहभागी भएका थिए । प्रतियोगिता तथा विभिन्न कार्यक्रममा सहभागी भई उत्कृष्ट नतीजा हासिल गर्ने विद्यार्थीले पुरस्कार स्वरुप शैक्षिक सामग्री प्राप्त गरेका छन् । विद्यार्थीको रचनात्मक र सृजनात्मक सीपको विकास गर्न हरेक साताको शुक्रबार विभिन्न प्रतियोगिता आयोजना गरी विद्यार्थीलाई पुरस्कृत गर्ने गरिएको प्रधानाध्यापक सञ्जेल बताउनुहुन्छ । यस्ता क्रियाकलापले विद्यार्थीमा प्रतिस्पर्धाको भावना जागृत हुने र विद्यार्थीले मिहिनेत गर्न प्रेरित हुने प्रधानाध्यापक सञ्जेलले बताउनुभयो ।

## श्री बागेश्वरी माध्यमिक विद्यालय

थाहा नगरपालिका-११, टिष्टुङ्ग

**क्याटलग सपिङ्ग विधिबाट स्कुल बस खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

*(प्रथम पटक प्रकाशित मिति: २०८१/०६/०८)*

शिक्षा विकास निर्देशनालय हेटौंडाको आ.व. ०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस स्कुलले स्कुल बस खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो स्कुल बस उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम स्कुल बसको उत्पादकको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिम शिलवन्दी प्राविधिक प्रस्ताव दर्ता गराउन हुन सम्बन्धित उत्पादक वा उत्पादकको आधिकारिक विक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी प्रस्ताव सम्बन्धी कागजातहरु इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आफ्नो फर्म/कम्पनी दर्ता, प्यान/भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter या Authorization र आ.व. २०७९/८० को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपीहरु तथा फर्म/कम्पनीको अनुरोधपत्र हुनुपर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन (मिति २०८१/०६/२२) दिनको १२:०० बजे भित्र यस स्कुलको कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ र दर्ता भएको सिलबन्दी प्रस्ताव सोही दिन १:०० बजे खोलिनेछ ।

३. साथै सूचिकृत नभएका उत्पादक वा अधिकृत विक्रेता कम्पनीहरुले सूचिकृत गराई उल्लेखित सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

४. स्कुल बसको विस्तृत स्पेसिफिकेशन यस स्कुलको सूचना पाटीमा हेर्न सकिनेछ ।

| क.सं. | ठेक्का नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | 081/082-1 | School Bus | 32 Seater, 110 Hp, 275 NM, Manaufacruring fitted ABS | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

**सम्पर्क:** ९८५५०७१५२४/९८४५७८२३०३

# नियमित गजलयात्रामा दीपक गौतमका १० गजल




गजल वाचन गर्नुहुँदै दीपक गौतम ।

समाज संवाददाता

हेटौँडाः गजल मञ्च मकवानपुरले आयोजना गर्ने नियमित गजलयात्रामा गजलकार दीपक गौतमले १० गजल प्रस्तुत गर्नुभएको छ । शनिबार गजल मञ्च मकवानपुरको २१७ औं गजलयात्रामा गौतमले गजल वाचन गर्नुभएको हो ।

गजल मञ्च मकवानपुरका पूर्वअध्यक्षसमेत रहनुभएका गौतमले दुई चरणमा १० वटा गजल वाचन गर्नुभएको थियो । उहाँले सामाजिक विकृति विसंगति, वर्तमान भोगाई र केही शृङ्गारिक गजल वाचन गर्नुभयो । गौतमसँगै ४ जना नवसर्जकले पनि गजल वाचन गरेका थिए । गजलकार गौतमकै अग्रसरतामा प्रशिक्षित नवसर्जकले आफ्ना गुरुसँगै गजल वाचन गरेका हुन् ।

नवसर्जकको तर्फबाट अनसूया खनाल, प्राश्ना पौडेल, रुबस पराजुली र सामना रिजालले गजल वाचन गर्नुभएको हो । गजल मञ्च मकवानपुरले हरेक महिनाको पहिलो शनिबार नियमित गजलयात्राको आयोजना गर्दै आएको छ । मञ्चले पछिल्लो समय विद्यालयहरुमा पुगी गजल प्रशिक्षणको कार्यक्रम गरी नवसर्जक केन्द्रित शृङ्खलाहरुसमेत सञ्चालन गरिरहेको छ । गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणको सभाध्यक्ष तथा अग्रज साहित्यकार निमेष निखिलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

# न त आकाशमा...

पिकनिक मनाउन जाँदा मज्जाले गीत गाइन्थ्यो । आफ्नो घरमा भएको सबैभन्दा राम्रो लुगा लगाएर जान्थ्यौं । मिल्ने मिल्ने साथीहरु एउटै सिटमा हुन्थे ।

आफ्नो जन्मदिनको दिन कक्षाको अगाडि गएर ठिङ्ग उभिन्थ्यौं र साथीहरुले 'ह्याप्पी बर्थडे' गीत गाएको सुन्थ्यौं । हल्का हल्का औडाह लाग्थ्यो । स्कुल नजिकैको 'स्टेशनरी' मा अनौठा र नयाँ-नयाँ स्टिकर आउँथे । ममीको खुट्टा ढोगेर भए पनि 'प्रिन्सेस' को स्टिकर किन्न लगाउँथें । साथीहरु पनि हेर्न भनेर झुम्मिन आउँथे । रमाइलो लाग्थ्यो ।

एक/दुई वटा मात्र स्टिकर बुकमा टालिन्थ्यो । पछिको लागि भनेर साँचेर राखिन्थ्यो । त्यो पछि कहिले पनि आएन। अहिले कोठा सफा गर्दा ती स्टिकर भेटिन्छन् तर प्रयोग गर्न मन लाग्दैन । पहिलाको जस्तो मोह छैन यी कुरामा ।

अहिले पो नेटफ्लिक्स आयो त, पहिला हामी 'मेरी बास्सै' हेर्न शनिवार कुर्थ्यौं । सोमबार 'जिरे खुर्सानी' आउँथ्यो र बिहीबार 'तितो सत्य' । यी कार्यक्रम हेर्नलाई घडीको सुईमा आँखा गाडेर बसिन्थ्यो ।

अझै पनि लुकामारी, चोर-पुलिस, लन्डन स्टप र ढ्याक खेलेको याद आउँछ । दसैंमा दाइहरुसँग फिल्मको चक्का भाँडामा लिन गएको याद आउँछ ।

दसैंभन्दा अगाडि हुने जाँच सकाए पछिको खुसीको स्मरण हुन्छ । हजुरबुवाले 'नातिनी मैले पिङ बनाइसकें, कहिले आउँछौ तिमी?' भनेको याद आउँछ ।

मालश्री धुन, सुगम पोखेल, एपिएफको गीत नसुनेसम्म दसैं आएको जस्तो महसुस हुँदैनथ्यो र अहिले पनि हुँदैन ।

चङ्गा उडाउन खुब रहर लाग्थ्यो । तर आए पो ! एक साल दसैंमा 'अब चाहिँ चङ्गा उडाउन सिक्छु' भनेर चङ्गा किनेको थिएँ तर गिट्टी वाला बाटोमा म पछारिएँ र मेरो चङ्गा च्यातियो । चङ्गा सँगसँगै मेरा रहरहरु पनि ।

मलाई आकाशमा चङ्गा हेर्न खुब मन पर्थ्यो । टाढातिर देखिने चङ्गालाई हेर्दै म सोच्ने गर्थें, 'त्यो चङ्गा उडाउने मानिस को होला ? कस्तो छ होला ?'

तिहारको बेला देउसी भैलो खेल्न थुप्रै मानिस आउँथे । उनीहरु आएर गाउन, बजाउन अथवा नाच्न थाल्ने बित्तिकै म कोठाभित्र टाप कस्थें । मलाई एकदम लाज लाग्थ्यो तर झ्यालबाट आँखा मात्र निकालेर हेर्थें ।

'म पनि उनीहरु जस्तै बहिर्मुखी भइदिएको भए' भनेर सोच्थें । मेरो यो चिन्तन दश दिनपछिको तिहारे सेलरोटी जस्तै थियो । एकदम साह्रो ! प्रयासको चियामा जति चोटि डुबाए पनि त्यो डरको सेलरोटी कहिले नरम भएन ।

कहिलेकाहीँ त सबै स्कुले साथीहरुलाई साझा रुपमा अङ्गाल्न मन लाग्छ । पुरानो मनमुटाबहरु बिर्सेर नयाँ यात्रा सुरु गर्न मन लाग्छ तर के गर्नु ? कोही अमेरिकामा छन्, कोही अस्ट्रेलिया त कोही क्यानडामा ।

जापानमा 'किन्सुगी' भन्ने दर्शन प्रचलित छ । त्यसले के भन्छ भन्दा, 'टुटेको वस्तुहरुलाई फेरि पनि सुनले जोड्न सकिन्छ' भनेर । यही दर्शनबाट प्रभावित भई म पनि सम्बन्धहरु जोड्ने प्रयास गर्दै छु ।

नेपालमा बसेर गलत गरेछु कि क्या हो भन्ने सोच आउन थालेको छ तर नेपालमा बसेर राम्रो गरेछु भन्ने सोँचले नै अघिल्लो सोचलाई पछारिदिन्छ । यो कुरा मेरो सन्दर्भमा मात्र भनेको हो मैले ।

कहिलेकाहीँ यी प्रश्नहरूबाट टाढा जान मन लाग्छ । टाढा भन्नाले विदेश होइन । कौसीमा जान्छु । दसैं पनि आउन लाग्यो है भनेर आकाश हेर्छु । आकाशमा एउटा पनि चंगा देख्दिनँ । अनि आँखा चिम्लेर सोच्छु, 'न त आकाशमा चंगा छ, न त मनमा !' *(स्रोत: सेतोपाटी)*


हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...

असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा







२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौँडा-काठमाडौं-हेटौँडा

हेटौँडा-बीरगन्ज-हेटौँडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

१५ पटकको यात्रापछि एउटा टिकट निशुल्क ।

अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र ।
हेटौँडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे ।

भेष खड्गी, सञ्चालक

हाम्रो ईभी सेवा

हेटौँडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०

### मकवानपुर जिल्ला लिग फुटबल

# एफसी पोताला र पदमपोखरी सेमिफाइनलमा



एफसी पोताला क्लबको टिम ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयाजनामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगितामा दुई टिम सेमिफाइनल प्रवेश गरेको छ । सोमबार भएको क्वार्टरफाइनल खेलमा विजयी हुँदै एफसी पोताला र पदमपोखरी युथ क्लब सेमिफाइनलमा प्रवेश गरेको हो ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको पहिलो क्वार्टरफाइनल खेलमा न्यू कम्बाइन क्लबलाई २-१ गोलले हराउँदै एफसी पोताला सेमिफाइनलमा प्रवेश गरेको छ। यस्तै, सक्षम युवा क्लबलाई टाइब्रेकरमा हराउँदै पदमपोखरी युथ क्लब सेमिफाइनलमा प्रवेश गरेको हो । निर्धारित समयमा गोलरहित बराबरीमा रोकिएपछि नतिजाका लागि टाइब्रेकरको सहारा लिनु परेको थियो ।

पोतालाको जीतमा ऋषि मोक्तान र अनुप राना मगरले समान एक-एक गोल गरेका हुन् । मोक्तानले १७ औं मिनेटमा र मगरले ३९ औं मिनेटमा गोल गरेका हुन्। खेलको म्यान अफ द म्याच एफसी पोतालाका मोक्तान घोषित भएका छन् ।

एफसी पोतालाले समूह 'क'बाट ६ खेलमा ४ जीत, एक बराबरी र एक हार व्यहोर्दै तालिकाको शीर्ष स्थानमा रहँदै क्वार्टरफाइनलमा प्रवेश गरेको थियो । न्यू कम्बाइन ६ खेलमा ४ जीत, एक बराबरी र एक हार व्यहोर्दै १३ अंकसहित तालिकाको दोस्रो स्थानमा रहेर क्वार्टर फाइनलमा प्रवेश गरेको हो ।

समूह 'ग'बाट ६ खेलमा ४ जीत र २ खेल बराबरी खेलेर १४ अंकसहित तालिकाको शीर्ष स्थानमा रहँदै पदमपोखरी क्वार्टरफाइनलमा प्रवेश गरेको थियो । ६ खेलमा ४ जीत, एक बराबरी र एक हार व्यहोर्नुपरेको सक्षम युवा क्लब १३ अंकसहित तालिकाको दोस्रो स्थानमा रहँदै क्वार्टरफाइनलमा प्रवेश गरेको हो ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# ज्योति सामुदायिक वनको बजेट २ करोड ५३ हजार रुपैयाँ

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१८, हर्नामाडीस्थित ज्योति सामुदायिक वन उपभोक्ता समूहको ३१ औं साधारणसभा शनिबार सम्पन्न भएको छ । साधारणसभाले चालु आर्थिक वर्ष २०८१/०८२ मा २ करोड ५३ हजार रुपैयाँ बराबरको अनुमानित आय-व्यय तथा विभिन्न कार्यक्रमसम्बन्धी प्रस्ताव पारित गरेको छ । वन उपभोक्ता समूहका अध्यक्ष रामबाबु खतिवडाले चालु आर्थिक वर्षको अनुमानित आय-व्यय प्रस्तुत गर्नुहुँदै गतवर्षझैं यस वर्ष पनि वन विकास, सामुदायिक विकास र गरिबी न्यूनीकरण लगायतका कार्यक्रमहरु गर्ने लक्ष्य लिएको जानकारी दिनुभयो । उहाँले समूहको भवन निर्माण गर्न ६० लाख रुपैयाँको कोष निर्माण गर्ने पनि जानकारी दिनुभयो ।

समूहको कार्यकाल ५ वर्षको हुनेगरी विधान तथा कार्ययोजना संशोधन गर्ने पनि निर्णय भएको छ । उहाँका अनुसार वन व्यवस्थापन कार्यक्रममा वन व्यवस्थापन, सम्वर्द्धनका कार्यक्रमहरु, चरिचरणको व्यवस्थापनसहित वृक्षरोपण, वन्यजन्तु तथा चराचुरुङ्गीका लागि पोखरी निर्माण, वन सदुपयोगसम्बन्धी कार्यक्रमहरु र उपभोक्ताहरुलाई फलफूलका विरुवा वितरण गरिने जानकारी दिनुभयो । त्यसैगरी सामुदायिक विकास कार्यक्रम अन्तर्गत विभिन्न संघ, संस्थाहरुलाई आर्थिक अनुदान, उपचार सहयोग उपलब्ध गराउनुका साथै खेलमैदान स्तरोन्नति, सत्तल निर्माण, थानी मन्दिर निर्माण, प्रतिक्षालय निर्माण, कुवा मर्मत, पर्यटन, पर्यावरण विकास लगायतका कार्यक्रमहरु गरिने पनि उहाँको भनाई छ ।

अध्यक्ष खतिवडाले गरिबी न्यूनीकरण कार्यक्रम अन्तर्गत महिला सशक्तीकरण, उद्यमशीलता, कृषिमा अनुदान सहयोग, लक्षित वर्गहरुमा अनुदान सहयोग, समूहलाई आर्थिक रुपमा सवल बनाउनुका साथै समुदायलाई आत्मनिर्भर, सीपमूलक बनाउन आफ्नै काठ प्रशोधन उद्योग सञ्चालन गर्ने र सामुदायिक वनभित्रका खाली ठाउँमा आयआर्जनमूलक खेती लगाउने कार्यक्रमहरु गरिने बताउनुभयो । कार्यक्रमका प्रमुख अतिथि वडा अध्यक्ष अनिल कुमार बानियाँले वन समूहको र कम सही ठाउँमा लगानी हुनुपर्नेमा जोड दिनुभयो । समूहले लक्षित वर्गका समूहलाई छुट्याएको रकमले उनीहरुलाई ठूलो राहत पुग्ने विश्वास समेत व्यक्त गर्नुभयो । ज्योति सामुदायिक वन उपभोक्ता समूहमा आर्थिक पारदर्शिता रहेको र वडाकै उत्कृष्ट वन समूह रहेको दावी समेत अध्यक्ष बानियाँले गर्नुभयो ।

कार्यक्रमका हर्नामाडी सव-डिभिजन कार्यालयका प्रमुख मदन घिमिरेले चालु आवको कार्यक्रममा वन पैदावार चोरी, तस्करी नियन्त्रणका विषय समेट्न आग्रह गर्नुभयो । उहाँले सव-डिभिजनको क्षेत्राधिकारभित्र रहेका १५ वटा सामुदायिक वनमध्ये समयमै साधारणसभा गर्ने ज्योति सामुदायिक वन पहिलो भएकोमा प्रशंसा समेत गर्नुभयो । समूहका सल्लाहकार संयोजक एवम् वंशगोपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष अरुण कुमार खतिवडाले समूहको हालसम्मको क्रियाकलाप लोकतान्त्रिक पद्दतिमै रहेको बताउनुभयो । उहाँले वन तथा वातावरण जोगाउन निरन्तर लाग्न पनि समूहलाई सुझाव दिनुभयो ।

कार्यक्रममा समूहका सचिव राजकुमार श्रेष्ठले आर्थिक वर्ष २०८०।०८१ को आय-व्यय प्रस्तुत गर्नुभयो । कार्यक्रममा ज्योति सामुदायिक वन उपभोक्ता समूहका सल्लाहकार एवम् हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क रम्तेल, समूहका पूर्व अध्यक्षहरुको तर्फबाट मंगल सिं लामा, टोल विकास संस्थाका तर्फबाट रामधुनी टोल विकास संस्थाका अध्यक्ष रमेश सिलवाल, समूहका लेखा संयोजक इमान बहादुर थापा, गोरक्षनाथ सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रोशन थापा, वडा प्रहरीका ईन्चार्ज उर्मिला रानाले मन्तव्य राख्नुभयो । कार्यक्रममा वडा सदस्य पुजा मंग्राती, समूहका पूर्वअध्यक्ष प्रेम बराल, वैदिक वानप्रस्थ गुरुकुलका शिक्षक कृष्णप्रसाद गर्तौला र समूहका लेखा सदस्य बालकुमार श्रेष्ठ, देवकी कोईराला, रामधुनी कालीवन सामुदायिक वनका उपाध्यक्ष काजीमान थिङ र उपभोक्ताहरुको उपस्थिति रहेको थियो ।

# हेटौंडामा ७ ए साइड फुटबल प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा ७ ए साइड खुला नकआउट फुटबल प्रतियोगिता हुने भएको छ। भुटनदेवी क्लबको आयोजनामा आउँदो असोज ११ गतेदेखि १९ गतेसम्म प्रतियोगिता हुने भएको हो । प्रतियोगिता हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयको चौरमा हुनेछ ।

स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने नरालाई सार्थक बनाउन आयोजना लागेको प्रतियोगितामा सहभागी हुनका लागि बुधबारसम्म टिमदर्ता गराइसक्नु पर्नेछ । खेलतालिका पनि बुधबार साँझ ८ बजेसम्म सार्वजनिक गरिने आयोजकले जनाएको छ ।

प्रतियोगितामा हालसम्म १९ टिमले टिमदर्ता गराएको प्रतियोगिता संयोजक सेजन खड्गीले जानकारी दिनुभएको छ। प्रतियोगितामा ३२ वटा टिमको सहभागिता रहने अनुमान रहेको संयोजक खड्गीले बताउनुभयो ।

प्रतियोगिता आयोजनाका लागि विभिन्न निकायहरुबाट सहयोग प्राप्त भइरहेको उहाँले बताउनुभयो । गत वर्ष ८ ए साइड फुटबल प्रतियोगिता आयोजना गरेको क्लबले यसवर्ष भने ७ ए साइड गर्न लागेको उहाँको भनाइ छ । प्रतियोगिताका लागि करिब २ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको उहाँले बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। विधागततर्फ उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर्स र उत्कृष्ट कोचका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रत्येक खेलको म्यान अफ द म्याचलाई पनि पुरस्कृत गरिने बताइएको छ । प्रतियोगितामा सहभागी हुन दर्ता शुल्क ५ हजार रुपैयाँ तोकिएको छ ।

# हेटौंडामा जिल्लास्तरीय भेट्रान्स साइकल दौड हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा दोस्रो संस्करणको जिल्लास्तरीय भेट्रान्स साइकल दौड प्रतियोगिता हुने भएको छ । हिमालयन राइडर्स सोसाइटीको आयोजनामा तथा जेनिथ इंग्लिस सेकेन्डरी बोर्डिङ स्कूलको समन्वयमा असोज १९ गते जिल्लास्तरीय भेट्रान्स साइकल दौड प्रतियोगिता हुने भएको हो ।

४० वर्षभन्दा अधिक उमेर समूहका मानिसहरुले प्रतियोगितामा सहभागी हुन पाउने हिमालयन राइडर्स सोसाइटीका अध्यक्ष राजु थापा मगरले जानकारी दिनुभएको छ । वडा दशैंको अवसरमा शुभकामना आदानप्रदान गर्न तथा साइकल चलाउँदा हुने फाइदा र यसको महत्वको बारेमा बुझाउनका लागि प्रतियोगिता आयोजना गर्न लागेको अध्यक्ष मगरले बताउनुभयो ।

प्रतियोगितामा मकवानपुरबाट करिब ५० जना प्रतियोगीहरु सहभागी हुने अनुमान गरिएको अध्यक्ष मगरले बताउनुभयो । प्रतियोगिताका लागि सहभागी दर्ता शुल्क ५ सय रुपैयाँ तोकिएको उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी हुनका लागि असोज १७ गतेसम्म नाम दर्ता गराइसक्नुपर्ने उहाँले जानकारी दिनुभयो ।

हेटौंडा-४ स्थित हुप्रचौरबाट सुरु हुने साइकल दौडमा भैरवरोड, गर्दोइ चिसापानी, कर्राबाट कमाने हुँदै गौरीटार रंगशाला, हात्तीलेट हुँदै चौघडा, पिप्ले क्याम्पा रंगशाला, शान्तिनगर र भैरवरोड हुँदै पुनः हुप्रचौरमा आएर २२ किलोमिटरको यात्रा पूरा गर्नुपर्ने उहाँले बताउनुभयो । स्वास्थ्य, पर्यावरण, पर्यटन र खेलकुदका लागि साइकल भन्ने नारालाई सार्थक बनाउन सोसाइटीले प्रतियोगिता आयोजना गर्न लागेको उहाँको भनाइ छ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । सान्त्वना हुने २ जनाका लागि पुरस्कारको व्यवस्था गरिएको छ भने सहभागीमध्ये एक जनालाई प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ । प्रतियोगिता आयोजनाका लागि करिब ७० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

# हेटौँडामा शिक्षक बैंकमार्फत शिक्षक परिचालन

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले शिक्षक बैंकमार्फत तीन जना शिक्षकलाई विभिन्न विद्यालयहरुमा परिचालन गरेको छ । प्रारम्भिक बालविकासतर्फ दुई जना र निमावि तहमा एक जना शिक्षक परिचालन गरिएको हेटौँडा उपमहानगर पालिकाको शिक्षा विकास महाशाखाका वरिष्ठ विद्यालय निरीक्षक हरिचन्द्र सापकोटाले जानकारी दिनुभएको छ ।

सापकोटाका अनुसार हेटौंडा-१, नकौलीस्थित कालिका आधारभूत विद्यालय र हेटौँडा-१८ स्थित कालिदेवी प्राविमा दुई जना प्रारम्भिक बालविकास सहजकर्ता र हेटौँडा-१६ स्थित आकाशधारा पानीसारा प्राविमा शिक्षक परिचालन गरिएको छ । शिक्षा विकास महाशाखाले हेटौँडा उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने शिक्षक पदमा करारमा नियुक्ति गर्ने प्रयोजनका लागि शिक्षक बैंकमा सूचिकृत गर्न गत साउन २६ गते परीक्षा सञ्चालन गरेको थियो । प्रारम्भिक बालविकास सहजकर्तातर्फ ६५ जना सफल भएका छन् भने प्राथमिक तहतर्फ ४९ जना, निमावितर्फ १७ जना र मावितर्फ ८ जना शिक्षक हेटौँडा उपमहानगरपालिकाले स्थापना गरेको शिक्षक बैंकमा समावेश भएका छन्। विद्यालयमा शिक्षकको अभावमा नियमित पठनपाठन प्रभावित नहोस् भनी शिक्षक बैंक स्थापना गरी शिक्षक बैंकमा आवद्ध शिक्षकलाई रिक्त पदमा स्थापित गर्ने योजना उपमहानगरको छ । हेटौँडा उपमहानगरपालिकाले शिक्षक बैंक स्थापनाका लागि सम्पन्न गरेको प्रक्रियामा गणित विषयको शिक्षक भने एकजना पनि सहभागी भएका छैनन् ।

# कविता प्रतियोगितामा सञ्जेल प्रथम

समाज संवाददाता

हेटौँडाः शिक्षा दिवसको अवसरमा आयोजना गरेको कविता प्रतियोगितामा विश्वनाथ सञ्जेल प्रथम हुनु भएको छ । गत बुधबार हेटौँडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले आयोजना गरेको शिक्षक कविता प्रतियोगितामा सञ्जेल प्रथम हुनु भएको शिक्षा विकास महाशाखाका अधिकृत रमेश बिडारीले जानकारी दिनुभयो ।

प्रतियोगितामा सामुदायिक र संस्थागत गरी ११ वटा विद्यालयका ११ जना शिक्षकले "सपनाको सहर हेटौँडा" कविता वाचन गर्नु भएको थियो । प्रतियोगितामा चन्द्रोदय माविका शिक्षक विश्वनाथ सञ्जेल प्रथम हुनु भएको हो । प्रतियोगिताकै अवसरमा २०८० सालको एसईई परीक्षामा उकृष्ट नतिजा ल्याउन सफल सामुदायिक र संस्थागत विद्यालका विद्यार्थी र विद्यालयलाई सम्मान गरिएको छ । उकृष्ट नतिजा ल्याउन सफल बालजागृति इंग्लिस सेकेण्डरी स्कूलकी रितिका छत्कुली र प्रगति माध्यमिक विद्यालयलाई सम्मान गरिएको उहाँले जानकारी दिनुभयो ।

यस्तै हेटौँडा मोर्डन आवासीय माविका स्वस्तिका दहाल द्वितीय, आनन्दभैरव आविका सागर तिमल्सिना तृतीय हुनु भएको छ भने नवोदय शिशु सदनका विधान आचार्य र तुलसीमेहर मेमोरियल स्कूलकी उर्मिला देवकोटा सान्त्वना हुनु भएको बिडारीले जानकारी दिनुभयो । कविता प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमशः १० हजार, सात हजार, पाँच हजार र तीन हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको छ ।

# पुरुष मृत फेला

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिका-८ मा एक जना पुरुष मृत फेला परेका छन् । आइतबार बिहान ८ बजेर ३० मिनेटको समयमा अन्दाजी ४० वर्षीय पुरुष मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । मृतकको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ। शवको मुचुल्का पश्चात पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

# चिठ्ठी लेखनमा राशिका प्रथम

समाज संवाददाता

हेटौंडाः १७औं पुस्तकालय दिवसको अवसरमा साहित्य संगम मकवानपुर र पुष्पलाल स्मृति पुस्तकालयको संयुक्त आयोजनामा भएको चिठ्ठी लेखन प्रतियोगितामा हेटौंडा-५ स्थित जीएस निकेतन माविकी राशिका खनाल प्रथम हुनुभएको छ। साहित्य संगमले आइतबार नतीजा सार्वजनिक गरेको हो ।

पछिल्लो समय आफूले पढेका पुस्तकको समीक्षासहित मिल्ने साथीलाई चिठ्ठी लेखन प्रतियोगितामा हेटौंडा-१८ हर्नामाडीस्थित ज्योति माध्यमिक विद्यालयकी युनिशा खड्का द्वितीय, हेटौँडा-१० स्थित सोलिड्यारिटी ईन्टरनेशनल एकेडेमीका सचिनकुमार यादव, हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीकी आँचल सुवेदी तृतीय हुनुभएको छ । हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलकी प्रज्वलिता चापागाई सान्त्वना हुनुभएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीलाई असोज १२ गते हुने नियमित साहित्य सन्ध्याको अवसरमा पुरस्कृत गरिने साहित्य संगम मकवानपुरले जनाएको छ। प्रतियोगितामा मकवानपुर जिल्लाका १३ विद्यालयमा ८ कक्षादेखि १० कक्षासम्म अध्ययनरत २५ जना विद्यार्थीको सहभागिता रहेको थियो ।

## पेन्सन पट्टा हराएको सूचना

हेटौंडा–१८ हर्नामाडी बस्ने स्व: श्री कृष्ण बहादुर श्रेष्ठको शेष पछि श्रीमती नानीचा श्रेष्ठले पाउँदै आएको पेन्सन नम्बर ७७५६ को पेन्सन पट्टा यहि मिति २०८१/०५/१५ गतेका दिन बजारबाट घर जाने क्रममा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्क: ९८५५०६८९५२

Admission Open !!!

+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)

हेटौंडा- सिटि कलेज (जेनिथ मावि)

हेटौंडा-५, पिप्ले

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ